

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस ३० गते शनिबार ❑ 14 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकीका मुख्यमन्त्री अधिकारीलाई विश्वासको मत

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्नुभएको छ।

साठी सदस्यीय प्रदेशसभामा विश्वासको मतका पक्षमा ३१ र विपक्षमा २७ मत खसेको थियो । मुख्यमन्त्री अधिकारीलाई विश्वासको मतसम्बन्धी प्रस्तावका पक्षमा नेकपा (एमाले) का २१, माओवादीका आठ र राप्रपाका दुई सांसदले मतदान गर्नुभएको थियो भने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका २७ सदस्यले विपक्षमा मतदान गर्नुभएको हो।

एमालेबाटै निर्वाचित भएर सदनको अध्यक्षता गर्नुभएका मित्रलाल बस्यालले मतदान गर्नुभएन भने स्वतन्त्र सांसद राजीव गुरुङ बैठकमा अनुपस्थित हुनुभयो।



एमाले गण्डकी प्रदेश संसदीय दलका नेतासमेत रहनुभएका अधिकारी गत पुस २५ गते मुख्यमन्त्री नियुक्त हुनुभएको थियो। अधिकारीले गठबन्धनका तर्फबाट ३३ जना सांसदको समर्थनसहित प्रदेश प्रमुख पृथ्वीमान गुरुङसमक्ष दाबी गरे पछि मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । उहाँलाई नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरिएको थियो। हाल गण्डकीमा मुख्यमन्त्रीसहित चार मन्त्री नियुक्त भए पनि मन्त्रालयको टुङ्गो भने लाग्न सकेको छैन । एमालेकी सीता सुन्दास, माओवादी केन्द्रका संसदीय दलका नेता हरिबहादुर चुमान र राप्रपाका पञ्चराम गुरुङ मन्त्रीमा नियुक्त हुनुभएको थियो।

विसं २०४० मा पृथ्वीनारायण क्याम्पस पोखराको स्ववियु सभापति हुँदै अनेरास्ववियु केन्द्रीय उपाध्यक्षसम्मको जिम्मेवारीमा पुग्नुभएको थियो । राजनीतिक मुद्दामा पटकपटक बन्दी जीवन बिताउनुभएका अधिकारी एमाले कास्कीको अध्यक्षसमेत बन्नुभएको थियो।

अधिकारीको संसदीय यात्रा विसं २०५१ देखि सुरु भएको थियो । उहाँ एमाले पार्टीको सचेतक, पोलिटब्यूरो सदस्य, गण्डकी प्रदेश संयोजक हुँदै अहिले स्थायी कमिटी सदस्य हुनुहुन्छ। अधिकारी एमालेको सङ्गठन विभाग प्रमुखसमेत हुनुहुन्छ। एमाले र माओवादी केन्द्रबीचको एकतापछि बनेको नेकपाकालमा उहाँले केन्द्रीय कमिटी सदस्य एवं गण्डकी प्रदेश सह-इञ्जार्चको जिम्मेवारी पाउनुभएको थियो।

## गण्डकीमा शनिबार सभामुखको निर्वाचन, गठबन्धनबाट माओवादीका धिताल

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस

सत्तारुढ गठबन्धनबाट गण्डकी प्रदेशको सभामुखमा नेकपा(माओवादी केन्द्र)का कृष्णप्रसाद धिताल उम्मेदवार बन्नुहुने भएको छ।

नेकपा(माओवादी केन्द्र) गण्डकी प्रदेशसभा संसदीय दलको शुक्रबार साँझ बसेको बैठकले गोरखा क्षेत्र नं १ (१)बाट प्रदेशसभामा प्रत्यक्ष निर्वाचित धितालालाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेको हो।

सो दलका नेता एवम् प्रदेश सरकारका विनाविभागीय मन्त्री हरिबहादुर चुमानले दलको बैठकले सर्वसम्मत उम्मेदवार तय गरेको जानकारी दिनुभयो। सत्ता गठबन्धनमा माओवादी केन्द्रले सभामुख पाउने निर्णय यसअघि नै भइसकेको छ । यहाँ नेकपा(एमाले)ले मुख्यमन्त्री र माओवादीले सभामुख पाउने गरी भागवण्डा गरिएको थियो। सोहीअनुसार नेकपा(एमाले)का संसदीय दलका नेता खगराज अधिकारी मुख्यमन्त्री नियुक्त भएर प्रदेशसभाबाट विश्वासको मत पाइसक्नुभएको छ । गण्डकीमा गठबन्धनका पक्षमा बहुमत रहेकाले गठबन्धनका उम्मेदवार विजयी हुने निश्चित छ । सभामुख चयनका लागि प्रदेशसभाको बैठक शनिबार अपराह्न ३ बजे बोलाइएको छ । प्रदेशसभाको शुक्रबारको बैठकमा प्रदेशसभाको अध्यक्षता गर्नुभएका ज्येष्ठ सदस्य मित्रलाल बस्यालले प्रदेशसभामुख चयन गर्न शनिबार बैठक बोलाउनुभएको हो । प्रतिपक्षी दल नेपाली कांग्रेसले भने उम्मेदवार टुङ्गो लगाइसकेको छैन । कांग्रेस संसदीय दलको बैठकले सभामुखको उम्मेदवार तय गर्ने जिम्मा दलको नेतालाई दिएको छ। साठी सदस्य रहेको गण्डकी प्रदेशसभामा नेपाली कांग्रेसका २७, नेकपा(एमाले) का २२, माओवादी केन्द्रका आठ, राप्रपाका दुई र स्वतन्त्र एक सदस्य हुनुहुन्छ।

## ढुक्कसित काम गर्नका लागि विश्वासको मत : उपसभापति गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २९ पुस

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले ढुक्कसित काम गर्ने वातावरण दिलाउनका लागि वर्तमान सरकारलाई विश्वासको मत दिइएको बताउनुभएको छ।

आँधीखोला सञ्चार सहकारी संस्था (रेडियो आँधीखोला) को १७औँ वार्षिक साधारणसभामा आज वालिङमा उहाँले राष्ट्रिय समस्याको समाधानका लागि वर्तमान सरकारलाई ढुक्क भएर काम कांग्रेसले विश्वासको मत दिएको बताउनुभयो।



"देशमा देखिएको आर्थिक मन्दीलाई रोक्नुपर्छ, राष्ट्रिय समस्याका विषयमा सबै पार्टी दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रियताका विषयमा साझा धारणा बनाएर अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "अब सरकार झिना मसिना विषयमा अल्झिएर बस्न हुँदैन, अनेकन विकल्पको खोजी गरी कार्यान्वयन छिटोभन्दा छिटो गर्नुपर्छ ।" नेपाली कांग्रेसले विश्वासको मत दिँदैमा प्रतिपक्ष नै छैन भन्नु गलत बुझाइ रहेको उहाँले बताउनुभयो । कांग्रेस राष्ट्रिय समस्याका विषयमा सबै दलले साझा अवधारणा बनाएर समाधान खोज्नुपर्छ भन्नेमा प्रष्ट रहेको दाबी गर्नुभयो।

"नेताले जनताको केही काम गर्लान् भन्ने आशा र अपेक्षासहित मत दिएर विजयी बनाएका हुन्", उहाँले भन्नुभयो, "नेताले नैतिकतामा ख्याल गर्नुपर्‍यो, आर्थिक सुशासन कायम गराउनतर्फ लाग्नुपर्छ नत्र जनताले फेरि पनि दुःख र धोका मात्रै पाउँछन्।"

## लामिछाने थुनामुक्त

रासस
काठमाडौं, २९ पुस

बलात्कार आरोप लागेका राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछाने केन्द्रीय कारागार सुन्धराबाट थुनामुक्त भएका छन्।

उच्च अदालत पाटनका न्यायाधीशद्वय रमेश ढकाल र ध्रुवराज नन्दको इजालसले बिहीबार रू २० लाख धरौटी बुझाएर थुनामुक्त गर्न आदेश दिएको थियो । लामिछाने तीन महिना नौ दिन कारागारमा बसेर थुनामुक्त भएका हुन् । लामिछानेका कानुन व्यवसायी सरोजराज घिमिरेका अनुसार लामिछाने थुनामुक्त भएका छन्। जिल्ला अदालत काठमाडौंको थुनछेक आदेशविरुद्ध उच्च अदालत पाटनमा पुनरावलोकनको निवेदन दिइएको थियो।

उक्त निवेदनमाथिको सुनुवाइपछि अदालतले धरौटी लिएर थुनामुक्त गर्न आदेश गरेको हो। पाटन उच्च अदालतका रजिष्टार ठगिन्द्र कट्टेलका अनुसार लामिछाने काठमाडौं उपत्यका बाहिर जाँदा जिल्ला प्रहरी कार्यालय काठमाडौंको अनुमति लिनुपर्नेछ भने पीडित परिवारलाई कुनै पनि माध्यमबाट सम्पर्क गर्न, डर, त्रास वा धम्की दिन नपाउने गरी थुनामुक्त गरिएको हो। गत कात्तिक १६ मा जिल्ला अदालत काठमाडौंमा लामिछानेविरुद्ध परेको मुद्दामा थुनछेक बहस सुरु भएको थियो । लामिछानेका कानुन व्यवसायीले किशोरी नाबालिग नरहेको जिकिर गर्दै आएका थिए।

लामिछानेमाथि नाबालिग किशोरीलाई बलात्कार गरेको आरोपमा गत कात्तिक १४ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो । सरकारी वकिल कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने मागसमेत गरिएको थियो। लामिछानेलेभनेआफूविरुद्धलागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका थिए । लामिछाने गत असोज २० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रक्राउ परेका थिए।

## नेविसङ्घ र तरुण दललाई पूर्णता दिने कांग्रेसको तयारी

रासस
काठमाडौं, २९ पुस

नेपाली कांग्रेसले पार्टीको दुई प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) र नेपाल तरुण दललाई पूर्णता दिने तयारी गरेको छ।

त्रिभुवन विश्वविद्यालयले आगामी चैत ५ गते देशभरका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचनको मिति तोकेसँगै कांग्रेसले विद्यार्थी संस्था नेविसङ्घ र तरुण दललाई पूर्णता दिन लागेको हो। कांग्रेस सभापति शेरबहादुर देउवाले शुक्रबार नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पा र तरुण दलका अध्यक्ष विद्वान गुरुङसँग छलफल गरेर चाँडो कार्यसमितिलाई पूर्णता दिन निर्देशन दिनुभएको हो । नेविसङ्घका अध्यक्ष शेर्पाले नेविसङ्घ र तरुण दललाई एक हप्ताभित्र पूर्णता दिनेबारे सभापति देउवासँग छलफल भएको जानकारी दिनुभयो। कांग्रेसले विसं २०७८ चैतमा नेविसङ्घको अध्यक्षमा शेर्पा र तरुण दलको अध्यक्षमा गुरुङलाई जिम्मेवारी दिए पनि त्यसपछि भने कार्यसमिति विस्तार हुन सकेको छैन।

कांग्रेसले अधिकांश भ्रातृ संस्थाको समयमै महाधिवेशन गर्न सकेको छैन। कांग्रेसले केही भ्रातृ संस्थामा अध्यक्ष मात्रै तोकेको भए पनि अधिकाशं भ्रातृ संस्था नेतृत्वविहीन बन्न पुगेका छन् । कांग्रेसले अध्यक्षको जिम्मेवारी दिएका भ्रातृ संस्थाको निर्वाचन छ महिनाभित्र सम्पन्न गर्न निर्देशन दिए पनि कुनै पनि भ्रातृ संस्थाले समयमा महाधिवेशन गर्न सकेका छैनन्।

## भुसाल नेकपा (एकीकृत समाजवादी)मा प्रवेश

रासस
काठमाडौं, २९ पुस

नेकपा एमालेका पूर्व-उपमहासचिव एवं वामपन्थी नेता घनश्याम भुसाल आज नेकपा (एकीकृत समाजवादी पार्टी) मा प्रवेश गर्नुभएको छ।

नयाँ बानेश्वरस्थित अर्याल होटलमा पत्रकार सम्मेलन गर्दै भुसालले नेकपा (एकीकृत समाजवादी)मा प्रवेश गर्नुभएको हो। गएको मङ्सिर ४ मा सम्पन्न निर्वाचनमा एमालेबाट टिकट नपाएपछि उहाँले एमाले छाडेर रुपन्देहीबाट स्वतन्त्र उम्मेदवारी दिनुभएको थियो । एकीकृत समाजवादीले भुसाललाई सचिवालय सदस्यमा मनोनयन गर्ने तयारी गरेको छ। भुसालले एकीकृत समाजवादी पार्टीमा रहेर ठूला पार्टीलाई एक बनाउन पहल गर्ने प्रतिबद्धता जनाउनुभएको छ।


लागूऔषध रहित परिवारः
स्वस्थ जीवनको आधार

◆ लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
◆ लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ।
◆ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।
◆ स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्वसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एघारौं पोखरा महोत्सवमा टिकटक बनाइ पुरस्कार जित्ने अवसर

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ पुस**

पोखराको अमरसिंह चौरमा जारी एघारौं पोखरा महोत्सवमा महोत्सवको अवलोकन संगै दर्शकहरुले टिकटक बनाइ पुरस्कार जित्ने अवसर समेत पाउने भएका छन।



दशैकहरुले महोत्सव स्थल प्रवेश गरेपछि जुनसुकै स्थानमा टिकटक बनाउन सक्नेछन । दर्शकहरुले कुनैपनि गीतमा टिकटक बनाइ ३द्दण्ठढऊ राखेर भिडियो अप्लोड गर्नुपर्ने छ।

सवै भन्दा धैरै भ्युज भएको भिडियोलाई पुरस्कार प्रदान गरिन प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । महोत्सव स्थल भित्र टिकटक बनाउनका लागि आयोजकले टिकटक निर्माणका लागी सजावट गरी विभिन्न स्थानमा टिकटक स्पट समेत निर्माण गरेको छ। टिकटक माघ ८ गते साँझ ४ बजे सम्म अपलोड गरिसक्नुपर्नेछ। टिमटका सर्वाधिक भ्युज आउने टिकटकलाई प्रथम पुरस्कार नगद ३० हजार र दोश्रोलाई २० हजार प्रदान गरिने समेत प्रचार प्रसार संयोजकले जानकारी दिए।

पोखरा महोत्सवले टिकटकमा सामाजिक सन्देशमुलक भिडियोहरु अपलोड गराउने र टिकटकबाट मनोरन्जनसंगै टिकटक चलाएर पुरस्कार समेत पाइन्छ भन्ने प्रस्ट्याउन पनि प्रतियोगिताको आयोजना गरिएको हो । तेश्रो दिन सम्म आइपुग्दा महोत्सवमा दर्शकको भीड वढिरहेको छभने ब्यापार समेत बढेको महोत्सवका अर्थ ब्यवस्थापन उपसमितिका संयोजक सूर्य बहादुर बानियाले वताए । महोत्सवमा विशेष गरी जाडो यामका सामाग्रीको बिक्री वितरण र घरायसी सामाग्रीहरुको बिक्री वढेको बानियाले जानकारी दिए । महोत्सवमा शुक्रबार लोकदोहोरीतर्फ चन्द्र शर्मा, जीवन दाहाल, कुमार पुन, शिवहरी ढुंगाना, लक्ष्मी नेपाली, इन्द्रा गुरुङ, केशव देवकोटा, रचित पौडेल, तुलसा जिसीको प्रस्तुती रहेको थियोभने । साँझको लाईभ ब्याण्ड तर्फ अभय एण्ड द स्टीम इन्जीन्सको प्रस्तुती मार्फत युवाहरुले मनोरन्जन लिएका थिए।

महोत्सवमा शनिवार लोकदोहोरी तर्फ प्रकाश सपुत, जीवन दाहाल, शिवहरि ढुंगाना, राजन कार्की, निशा पोखेल, परशुराम अधिकारी, बसन्ती थापा, सुमन केसी, तुलसा जिसीको प्रस्तुती रहनेछभने साँझको लाइभ कन्सर्टमा लाहुरेको प्रस्तुती रहने छ।

# मिस तामाङको ग्राण्ड फिनाले माघ १ मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ पुस**

पोखरा- १४ छिनेडाँडाकी कृतिका तामाङ्ग अहिले दश जोड दुईमा अध्ययनरत् छिन् । मिस तामाङ्ग पोखरा २०२३ की प्रतियोगीका रुपमा उनले यो पटक भाग लिएकी हुन्।

तामाङ्ग भएर पनि तामाङ्ग समुदायको विषयमा थाहा नपाउँदा आफूलाई निकै खिन्नता महसुस गर्ने उनी आफ्नो समुदायको भाषा, संस्कार र संस्कृतिका बारेमा बुझ्न मिस तामाङ्ग पोखरामा सहभागी हुन आइपुगेकी हुन्।



मिस तामाङ्ग पोखराका अर्का प्रतिस्पर्धी सुमिता तामाङ्ग पोखरा सराङ्गकोट निवासी हुन्। भर्खरै व्यवस्थापन संकायमा दश जोड दुई सकेकी सुमिता आफ्नो प्रेरणा तथा साहसको प्रतिकका रुपमा आमालाई मान्छिन् । आत्मविश्वासी बन्न चाहने सुमितालाई मिस तामाङ्ग पोखरामा सहभागी भइसके पछि आफ्नो समुदायको बारेमा धेरै विषयहरुमा जान्न पाएकोका खुसी लागेको छ। मिस तामाङ्ग पोखराका अर्का प्रतिस्पर्धी रेनुका तामाङ्ग पोखरा २७ रिठेपानीमा बस्छिन् । भर्खरै सुनकोशी माविबाट दश जोड दुइको अध्ययन पुरा गरेकी रेनुका पेशागत रुपमा एक शिक्षिका पनि हुन् । उनले ओखलढुङ्गाको श्री सुनकोशी माविमै अध्यापन गराउछिन् । आफ्नो आमाको प्रेरणाको कारण उनि मिस तामाङ्ग पोखरामा सहभागी हुन आइपुगेकी हुन्। उनले प्रतियोगितामा सहभागि भए पछि तामाङ्ग समुदायको बारे आफुले थाहा नपाएको इतिहास देखि आज सम्मका विषयमा जानकारी पाएकोमा दंग छिन्।

पछिल्लो युवा पुस्तालाई कला, संस्कृतिको जर्गेनाका लागि सघाउने उद्देश्यले समाजले प्रतियोगिता आयोजना गर्दै आइरहेको बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङ्गले बताए। बढ्दो आधुनिकता सँगै आफ्नो संस्कार र संस्कृतिबारे युवा पुस्ताको चासो कम हुँदै गएकाले तामाङ्ग समुदायको संस्कृति जर्गेना गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको संयोजक राम लामाले जानकारी दिए । मिस तामाङ पोखराको ग्राण्ड फिनाले माघ १ गते हुने भएको छ। बैदाम तामाङ सेवा समाज पोखराको आयोजनामा हुने प्रतियोगिताको ग्राण्ड फिनाले पोखरा सभागृहमा आँउदो आइतबार हुने भएको समाजका अध्यक्ष ज्याक तामाङ्गले जानकारी दिए।

सातौं संस्करण प्रतियोगितामा लक्ष्मी तामाङ्ग, रेनुका तामाङ्ग, अर्विना तामाङ्ग, जुना तामाङ्ग, निशा तामाङ्ग, विकिता तामाङ्ग, सुप्रिया तामाङ्ग, योगिता तामाङ्ग, आकृति तामाङ्ग, विपना तामाङ्ग, मनिषा तामाङ्ग, जिना तामाङ्ग, सुमित्रा तामाङ्ग, कृतिका तामाङ्ग र रोश्मा तामाङ्ग प्रतियोगीका रुपमा सहभागी छन्। प्रतियोगिताको विजेताले नगद १ लाख रुपैयाँ पुरस्कार, ताज, ट्रफी, फस्ट रनरअपले नगद ५० हजार रुपैयाँ सहित ताज, ट्रफी, प्रमाणपत्र प्राप्त गर्नेछन । त्यस्तै सेकेण्ड रनरअपले नगद ३० हजार रुपैयाँ पुरस्कार, ताज, ट्रफी, प्रमाणपत्र हात पार्नेछन्।

भ्युवर्स च्वाइसका रुपमा एकजनाले नगद २० हजारले पुरस्कार प्राप्त गर्ने कार्यक्रम संयोजक राम लामाले जानकारी दिए । कार्यक्रमबाट बचत रकम लेकसाइडमा समाजले निर्माण गरेको रिन्छिङ तोर्जेत तामाङ शान्ति गुम्बा सहयोगार्थ खर्च गरिने समाजका अध्यक्ष ज्याक तामाङले बताए । ग्राण्ड फिनालेमा कालो चश्मा गीतका चर्चित गायिका तथा कलाकार डोल्मा ह्यालमोले गीत गाउने छन्। कार्यक्रम गण्डकी प्रदेशको मुख्य मन्त्री खगराज अधिकारीको प्रमुख आतिथ्यतामा हुने आयोजकले जनाएको छ । कलाकार तथा बरिष्ठ पाइलट विजय लामा कार्यक्रमको आकर्षण रहने छ।

# अन्तर एकाइ ब्याडमिन्टनको उपाधि रामबजार, ढुंगेपाटन, गगनगौंडा र नमुनालाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ पुस**

नेपाल मगर संघ, कास्कीले माघे संक्रान्ति पर्वको अवसरमा आयोजना गरेको अन्तर एकाइ ब्याडमिन्टन प्रतियोगिताको उपाधि रामबजार, ढुंगेपाटन, गगनगौंडा र नमुना एकाइ समितिले जितेका छन्।



बिहीबार र शुक्रबार विभिन्न उमेर समूहमा भएको प्रतियोगितामा युवातर्फ रामबजार, प्रौढतर्फ ढुंगेपाटन, महिलातर्फ गगनगौंडा र १७ वर्ष मुनिको छात्रछात्रातर्फको उपाधि नमुना एकाइ समिति, चाउथेले जित्न सफल भएको हो। बिजेताले नगद पुरस्कार, मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन्।

जसमा उपाधि जित्नेहरूमा युवातर्फ रामबजार एकाइका वीरबहादुर आले र डोलराज आले प्रथम, सैनिकबस्ती एकाइका विश्वास पुन र ओम थापा द्वितीय, दीप बगर एकाइका पूर्णबहादुर राना र टुकबहादुर पुन तथा सैनिकबस्ती एकाइका खडक पुन र बलबहादुर श्रीस तृतीय भएका छन्। त्यसैगरी, प्रौढतर्फ ढुंगेपाटन एकाइका क्या. भक्तबहादुर पुन र क्या. कृष्णबहादुर पुन प्रथम, हेम्जा एकाइका ढकबहादुर पुन र प्रकाश थापा द्वितीय, बुढीबजार एकाइका क्या. भीमबहादुर थापा र सु. रेशम थापा तथा ढुंगेपाटन एकाइका सु. भीमबहादुर पुन र सु. सकबहादुर पुन तृतीय भएका छन् । त्यस्तै, महिलातर्फ गगनगौंडा एकाइका यमकुमारी तिलिजा र अस्मिता पुन प्रथम, ढुंगेपाटन एकाइका मीनु पुन र पुनम पुन द्वितीय, रामबजार एकाइका सुधा थापा र मनु राना तथा रामबजार एकाइकै शान्ति राना र शर्मिला थापा तृतीय भएका छन्। उता, १७ वर्षभन्दा मुनिको छात्रतर्फ नमुना एकाइका अमृत थापा प्रथम, नमुना एकाइकै रोहित श्रीस द्वितीय र नमुना एकाइका देविन फगामी तृतीय भएका छन् । छात्रातर्फ नमुना एकाइका रक्षा फगामी प्रथम, कदममार्ग एकाइका सोनिका थापा द्वितीय, नमुना एकाइका सम्झना रेगामी र अमृता दर्लामी तृतीय भएका छन्। जसमा युवातर्फ २९ टिम, प्रौढतर्फ ८ टिम, महिलातर्फ ७ टिम, छात्रतर्फ ७ टिम र छात्रातर्फ ६ टिम प्रतियोगितामा भाग लिएका थिए । प्रतियोगिताको उद्घाटन नेपाल मगर संघ, कास्कीका संस्थापक उपाध्यक्ष इन्द्रबहादुर गर्बुजामगरले गर्नुभएको थियो।

कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय सहकोषाध्यक्ष पूर्णबहादुर रानामगर, जिल्ला खेलकुद विकास समिति, कास्कीका कार्यालय प्रमुख डीबी नेपाली, नेपाल मगर संघ, कास्कीका अध्यक्ष संगीता पुनमगर, उपाध्यक्ष बुद्धिमाया थापामगर र सचिव रामबहादुर थापामगरले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

# बिक्रम भक्त जोशीको चोभार ब्लुजको परिसंवाद पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ पुस**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल गण्डकी समितिको आयोजनामा चोभार ब्लुज माथिको परिसंवाद शुक्रवार पोखरामा सम्पन्न भएको छ।




कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यकार प्रकाश सायमीले चोभार ब्लुजले नेपाली साहित्यमा नयाँ आयाम र अध्याय थपेको बताए। सायमीले कृति नामकरणमा आगन्तुक र वैदिक सनातन संस्कारले प्रभाव पार्दै आएको बेला बिक्रम भक्त जोशीको कृति यी दुवै अध्याय भन्दा अध्ययन र चिन्तनले माथि रहेको धारणा राखे।

परिसंवादका सहजकर्ता साहित्यकार दीपक पराजुलीले चोभार ब्लुजका १९ वटा निकथा केन्द्रित विविध जिज्ञासा राखे । पराजुली र अन्य साहित्यकारका जिज्ञासामा केन्द्रित रहेर स्रष्टा बिक्रम भक्त जोशीले साहित्यमा राम्रा नराम्रा क्रिया र प्रतिक्रिया दुवैलाई आफ्नो पूँजीका रुपमा ग्रहण गर्ने बताए। उनले पोखराबाट पाएको अपूर्व माया र प्रतिक्रियाले आफूलाई आगामी यात्रामा थप प्रेरणा मिलेको धारणा व्यक्त गरे। आफ्नो निकथाका बारेमा राखेका जिज्ञासाबारे प्रकाश पार्दै जोशीले निबन्ध, नियात्रा र कथाको समीश्रण निकथा भएको प्रष्टयाएका थिए। नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठले बिक्रम भक्त जोशीको नेपाली साहित्य क्षेत्रको आगमन जीवन्त रहोस् भन्ने शुभेच्छा व्यक्त गरे । मदन पुरस्कार बिजेता साहित्यकार रामलाल जोशीले एउटा सुदूरको स्रष्टाले अर्को स्रष्टालाई पोखरामा भेट्न पाउनुलाई दुर्लभ सौभाग्यका रुपमा लिएको बताए । सोही समारोह बीच अनेसास गण्डकीले पूर्व बैंकर्स र इन्जिनियरिङको व्यक्तित्व नेपाली साहित्यमा नयाँ विधाको प्रणेताका रुपमा उदाएको भन्दै सम्मानसमेत गरेको छ । मदन पुरस्कार विजेता रामलाल जोशी, अध्यक्ष शाह र प्रमुख अतिथिले सम्मान अर्पण गरेका थिए । परिसंवादमा वरिष्ठ पत्रकार बद्री विनोद प्रतीक, कथाकार डा. अशोक थापा, छवि सुवेदी बिजयी, मेघनाथ कुँवरलगायतले पुस्तक केन्द्रित जिज्ञासा राखेका थिए। साहित्यकार दुर्गा न्यौपानेले दिग्गज स्रष्टासँगको साक्षात्कार, चर्चा परिचर्चाका कार्यक्रमले लेखनमा उर्जा मिलेको बताइन्।

अनेसास गण्डकी महासचिव असफल गौतमले बिक्रम भक्त जोशीजस्ता स्रष्टा नेपाली साहित्य क्षेत्रले पाउनुलाई सौभाग्यका रुपमा लिनुपर्ने बताए । अध्यक्षको आसनबाट गण्डकी अध्यक्ष दुर्गाबहादुर शाह बाबाले पोखरामा आफ्नो नयाँ कृतिको परिसंवादको अवसर जुटाउन सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरेका थिए।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा–८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१–५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सङ्कटमा परम्परागत ढुङ्गाखानी

रासस
बागलुङ, २९ पुस

जैमिनी नगरपालिका राङ्खानीका स्थानीय गम्भीर विश्वकर्माको उमेर ५५ नाघ्यो । पन्ध्र वर्षको उमेरदेखि स्थानीय ढुङ्गाखानीमा काम गर्दै आउनुभएका उहाँले ढुङ्गाखानीमा काम गरेको ज्यालाबाटै परिवार पाल्दै आउनुभएको छ ।

जैमिनी नगरपालिका-७ जैदीस्थित हर्दिया ढुङ्गाखानी स्थानीय सरस्वती निम्न माध्यामिक विद्यालयको जग्गामा छ । परम्परागतरूपमा घर छाउनका लागि प्रयोग गरिने ढुङ्गाको पछिल्लो समय व्यापार घटेपछि ढुङ्गाखानीमा काम गर्दै आउनुभएका गम्भीरसहित नौ जनाको पेसा सङ्कटमा परेको हो । पहिला १५ देखि २० मजदुरले काम गर्ने ढुङ्गाखानीमा कोरोना महामारीपछि घटेर नौ जनामा सीमित भएका छन् ।

"पन्ध्र वर्षको उमेरदेखि ढुङ्गाखानीमा काम गर्न थालेको हुँ, त्यसबेला रु ११ मा एक हात बिक्री हुने ढुङ्गा अहिले रु एक सय ३५ मा बिक्री भइरहेको छ, परिवारको लालनपालन र छोराछोरीको शिक्षादीक्षा यही ढुङ्गाखानीबाट गरियो", विश्वकर्माले भन्नुभयो, "अहिले ढुङ्गासमेत त्यति राम्रो निस्किँदैन, निस्केका ढुङ्गा पनि बिक्री गर्न समस्या छ, अहिले जताततै जस्ताले छाएका र आरसिसी घर निर्माण हुन थालेपछि



ढुङ्गाखानी सङ्कटमा परेको छ ।" हाते औजारको सहायताले ढुङ्गा निकाल्दै आएका मजदुरले पछिल्लो समय दिनभरि काम गर्दासमेत हात-मुख जोर्न समस्या हुन थालेको बताएका छन् । "सुरुबाटै यही काम गरियो, अरु काम गर्न सिकिएन, अहिले ढुङ्गा निस्कन मुस्किल छ, खानीभित्रभित्रै पसेको छ भने व्यापार घटेर गएको छ, निकालेको ढुङ्गा कहिले बिक्री हुन्छ थाहै हुन्न", अर्का ढुङ्गाखानीमा काम गर्दै आएका मजदुर हिमबहादुर श्रीसले भन्नुभयो ।

"अन्य स्थानमा आधुनिक औजारको प्रयोगबाट ढुङ्गा निकाल्दा छाप्ने, आधुनिक घरमा टास्ने गर्दा राम्रै बजार पाएका सुनेका छौँ, यहाँ त्यस्तो छैन, हातले मिलाएको ढुङ्गा घर छाउनबाहेक अन्त काम लाग्दैन, घर अहिले जस्ताले छाउन थाले, आरसिसी भवन बनाउन थाले, अब ढुङ्गाखानीमा काम गरेर पेट पाल्न सकस छ", उहाँले भन्नुभयो । पहिला यही ढुङ्गाखानीबाट परिवार लालनपालन र शिक्षादीक्षा गर्दै आएका मजदुर ढुङ्गाखानीको व्यापार घटेपछि विस्थापित हुने क्रम जारी छ ।

ढुङ्गाखानीमा काम गर्ने बूढापाका बितेर गए भने युवा विदेश पलायन हुँदा ढुङ्गाखानी सञ्चालनमा ल्याउनै समस्या भएको स्थानीय ढुङ्गा व्यापारी मनिकर्ण क्षेत्रीले दुःखेसो गर्नुभयो । क्षेत्रीले ४५ वर्षदेखि मजदुरले निकालेको ढुङ्गा विभिन्न स्थानमा पुऱ्याएर बिक्री गर्ने काम गर्नुहुन्थ्यो । तर अहिले घर छाउने ढुङ्गाको महत्व घट्दै गएपछि यहाँको ढुङ्गाखानी समस्यमा परेको उहाँको भनाइ छ । उहाँले आधुनिक ढुङ्गाको चलन कायमै रहे पनि हाते औजारको प्रयोगबाट निस्किएका ढुङ्गा घर छाउनमात्रै काम लाग्ने भएकाले समस्या भएको बताउनुभयो ।

"पहिला ढुङ्गा पुऱ्याउनै मुस्किल हुन्थ्यो, यहाँको घर छाउने ढुङ्गा जैमिनी, बरेङ, गुल्मीलगायतका स्थानसम्म पुग्दथ्यो, अहिले ढुङ्गाले घर कमै मात्र छाउन थाले, जस्तापाता र ढलान गरेर घर बनाउँदा ढुङ्गा बिक्री हुनै छाड्यो", क्षेत्रीले भन्नुभयो, "ढुङ्गाखानीमा आधुनिक प्रविधिको प्रयोग गरेर छाप्ने र पक्की घरमा टाँस्ने ढुङ्गा निकाल्दा राम्रो बजार हुन्थ्यो होला, ढुङ्गाखानी भिरालो जग्गामा छ, विद्युत् पुऱ्याउन समस्या छ ।"

परम्परागत तरिकाले सञ्चालनमा आएको ढुङ्गाखानी दर्ता भएर सञ्चालनमा आउन नसक्दा राज्यबाट पाउने सेवा सुविधाबाट बञ्चित हुनुपरेको ढुङ्गाखानीमा काम गर्ने मजदुरले बताएका छन् । उनीहरूले ढुङ्गा निकालेवापतको केही रकम ढुङ्गाखानीको जग्गा भएको स्थानीय विद्यालय सरस्वती आधारभूत विद्यालयमा जम्मा गर्ने गरेका छन् । अहिले ताराखोलाको ढुङ्गा प्राङ्गण, सडक तथा पदमार्गमा छाप्ने तथा घरको भित्तामा टास्ने कार्यका लागि होटल, मन्दिर तथा घरधनीबाट अत्यधिक माग आउने गरेको छ ।

# विपन्नको घरमा जस्तापाताको छानो

पोखरापत्र संवाददाता
बागलुङ, २९ पुस

खरको छानो हिउँदमा न्यानो र गर्मीमा शीतल हुने हुँदा ग्रामीण क्षेत्रमा एक दशक अगाडिसम्म बाक्लै खरका घर भेटिन्थे ।

ढुङ्गा खानीभन्दा टाढाको गाउँमा त झन् खरैखरका घर हुन्थे । परम्परागत खरका घर देख्दा निकै रमणीय लाग्थ्यो । तर अहिले ती घरले रुपरङ बदलेका छन् । बागलुङको निसीखोला गाउँपालिकाका घर रङ्गीचङ्गी जस्तापाताले छाइएका छन् ।

गाउँपालिकाको खरका छानो हटाउने नीतिअनुसार गाउँमा जस्तापाता र ढुङ्गे घर बनिरहेका छन् । युवाशक्ति पलायन हुने, गाउँमा बालबालिका र बूढापाकामात्रै हुँदा बर्सेनि खरको घर छाउन समस्या हुन थालेपछि पालिकाले खरको छानो विस्थापित गरेर जस्तापाताले छाइदिएको छ । निसीखोला-३ की तुलसी विकले हरेक दुई-दुई वर्षमा घरको छानो फेर्दै आउनुभएको थियो । आर्थिक अभावमा गुज्रिँदै आउनुभएकी विकलाई प्रत्येक दुई वर्षमा घरको छानोमा नयाँ खर फेर्न सकस हुन्थ्यो ।

वर्षौंदेखि चुहिने र पुरानो खरको छानोमा बस्दै आउनुभएकी विकको घरमा गाउँपालिकाले जस्तापाताको छानो हालीदिएपछि उहाँलाई राहत मिलेको छ । वनबाट खर काटेर ल्याउने कोही नहुँदा आफू चुहिने घरमा चार वर्ष बसेको सुनाउँदै गाउँपालिकाले पुरानो खरको छानो हटाएर जस्तापाता हाल्दिएपछि सहज भएको उहाँ बताउनुहुन्छ ।

"एकै वर्षमा खर कुहिन्छ", उहाँले भन्नुभयो, "अब त छानो फेर्न नपर्ला कि ?"

विगतमा खरको समस्याले पानी चुहिने अवस्थामा पनि छानो फेर्न नसकेको वडा नं ५ का तिलकुमार विक बताउनुहुन्छ । गाउँपालिकाले घरको छानो जस्तापाताले छाइदिएपछि उहाँ हर्षित हुनुहुन्छ । "अब ढुक्क भइयो, आगलागी हुने डर पनि कम भयो", विकले भन्नुभयो ।

निसीखोलाले चालु आर्थिक वर्षमा विपन्न परिवारको घरमा जस्तापाताको छानो हाल्न रु ३० लाख विनियोजन गरेको सूचना अधिकारी पुरुषोत्तम गौतमले जानकारी दिनुभयो । गाउँपालिकाले अघिल्ला वर्षमा एक सय तीन घरमा जस्तापाताको छानो हालेको थियो । "यस वर्ष बाँकी रहेका घरमा जस्तापाता हाल्ने क्रम जारी छ", उहाँले भन्नुभयो । गाउँपालिकाले सात वडामा ७३ जनाको र प्रदेश सरकारको सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गतका ३० जनाको घरमा अघिल्लोपटक जस्तापाताको छानो हालिएको थियो । "हाम्रो पालिकामा धेरै गरिब तथा विपन्न परिवार छन्, उनीहरूको जस्तापाता तथा ढुङ्गाको छानो हाल्ने अवस्था छैन, त्यसैले गाउँपालिकाले नै जस्तापाताको छानो हाल्न थालेको हो", गौतमले भन्नुभयो ।

# भ्रष्टाचारविरुद्ध लड्ने सङ्कल्पको खाँचो छ : अध्यक्ष नेपाल

रासस
काठमाडौं, २९ पुस

पूर्वप्रधानमन्त्री एवम् नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले भ्रष्टाचारविरुद्ध लड्ने सङ्कल्पको खाँचो रहेको बताउनुभएको छ ।

पूर्वसचिव रामकुमार आचार्यद्वारा लिखित 'नेपालमा भ्रष्टाचार : कारण र निवारण' पुस्तकको विमोचन कार्यक्रममा उहाँले राज्यका सबै अङ्गमा उचित समन्वय नहुँदा यो बढिरहेको बताउनुभयो ।

"प्रत्येक क्षेत्रमा भएका भ्रष्टाचार विरुद्धको सङ्कल्प भएको व्यक्तिको खाँचो छ", उहाँले भन्नुभयो, "यसको नियन्त्रण गर्न भावना र सङ्कल्प हुनुपऱ्यो, भ्रष्टाचारमुक्त परिवेश बनाउन सक्नुपर्छ ।" एउटा नेता र प्रधानमन्त्रीले चाहेर मात्रै यो नियन्त्रण सम्भव नभएको जिकिर गर्दै उहाँले राजनीति र प्रशासनिक निकायको माथिदेखि तलसम्म यसलाई नियन्त्रण गर्ने दृढता हुनुपर्ने बताउनुभयो । भ्रष्टाचार नियन्त्रण गर्ने विषयलाई भाषण मात्र बनाउन नहुनेमा जोड दिँदै उहाँले स्पष्ट प्रतिबद्धता भए यसको नियन्त्रण सम्भव रहेको बताउनुभयो । लोभलालच र राजनीतिक अस्थिरताका कारण भ्रष्टाचार बढेको उहाँको भनाइ थियो ।

नेकपा (एमाले) का नेता युवराज ज्ञवालीले भ्रष्टाचार नियन्त्रण गर्न कठिन सङ्घर्षको जरुरी रहेको बताउनुभयो । "जरो गाडेर रहेको यो विकृतिको अन्त्य गर्न धेरै समय लाग्छ, अहिले हाम्रो सबैभन्दा ठूलो दुस्मन नै यही हो", उहाँले भन्नुभयो । उहाँले राजनीतिक, सांस्कृतिक र विकास निर्माणका क्षेत्रमा यसले गहिरो असर गरिरहेको छ भन्नुभयो ।

नेकपा (माओवादी केन्द्र) का नेत्री रेखा शर्माले समृद्धिको मुल बाधक भ्रष्टाचार रहेको उल्लेख गर्दै चाहेर नचाहेर पनि समाजमा यो जबरजस्त रहेको बताउनुभयो । "यसका कारण नेपाल समृद्धिको यात्रामा अघि बढ्न सकेको छैन", उहाँले भन्नुभयो, "राजनीतिक परिवर्तन भए, तर बदलिँदो व्यवस्थाअनुसार राज्यसंयन्त्र नबदलिँदा भ्रष्टाचार बढेर गएको छ ।" यसको नियन्त्रण गर्न राजनीतिक नेतृत्वले अग्रसरता लिनुपर्ने उहाँको भनाइ छ ।

नेपाली कांग्रेसका युवा नेता प्रदीप पौडेलले भ्रष्टाचारका कारण राजनीतिक प्रणालीमाथि प्रश्न उठ्न थालेकामा चिन्ता व्यक्त गर्नुभयो । "प्रणालीले काम गर्ने व्यवस्था नहुँदासम्म यसको न्यूनीकरण हुन सक्दैन", उहाँले भन्नुभयो, "राज्य संयन्त्रले नै यसलाई मलजल गरिरहेको छ, अब पारदर्शीता अपनाउनुपर्छ ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता मनिष झाले राजनीतिक नेतृत्वले नै मुलुकमा भएका विभिन्न समस्या समाधानमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । भ्रष्टाचारको बहुआयामिक असरबाट सिङ्गो समाज नै प्रभावित बन्दै गएको जनाउँदै उहाँले यसविरुद्धको आवाज उठाउन सबै एकताबद्ध हुनुपर्ने बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्लेले विधिको शासन स्थापित भए मात्र भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्द्धन सम्भव भएको बताउनुभयो । "यसको महामारीबाट हामी गुज्रिरहेका छौँ", उहाँले भन्नुभयो, "अनियमितता क्षेत्रका समस्या पहिचान भइसकेको छ, अब सामाधानको दिशामा अगाडि जानुपर्छ, अब 'एक्सन'मा उत्रनुपर्छ ।" कुल आठ परिच्छेदको सो पुस्तकमा भ्रष्टाचारको परिचय, मात्रा, यसको सैद्धान्तिक र व्यवहारिक कारण, दुष्प्रभाव, नियन्त्रणका प्रयास, सकारात्मक अभ्यास र समस्याको समाधानलगायत विषयलाई समेटिएको छ ।

# देवघाट मेला : पाँच लाख भक्तजनको व्यवस्थापन गरिने

रासस
नवलपुर, २९ पुस

माघे सङ्क्रान्ति पर्वको अवसरमा पवित्र तीर्थस्थल देवघाटधाममा लाग्ने मेलाको तयारी पूरा भएको छ । पाँच लाख भक्तजनको व्यवस्थापन गर्न सक्ने गरी माघे सङ्क्रान्ति मेलाको तयारी गरिएको देवघाट क्षेत्र विकास समितिले जनाएको छ ।

नवलपुर, चितवन र तनहुँको सङ्गममा पर्ने यस धार्मिकस्थलमा माघे सङ्क्रान्ति मेला भर्न नेपालका साथै छिमेकी भातबाट समेत तीर्थालु आउने भएकाले सोहीअनुसारको व्यवस्था गरिएको हो । "देवघाटधाम हिन्दूको पवित्र तीर्थस्थलका रूपमा रहेकाले यहाँ माघ स्नानका लागि स्वदेशी तथा विदेशी भक्तजन आउने गर्छन्", देवघाट क्षेत्र विकास समितिका अध्यक्ष बद्रीप्रसाद अधिकारीले भन्नुभयो, "यहाँ तीर्थयात्रीको व्यवस्थापनका लागि आवश्यक पर्ने सम्पूर्ण तयारी पूरा गरिएको छ ।" बिहीबार देवघाटको गलेश्वर आश्रममा पत्रकार सम्मेलन गर्दै अध्यक्ष अधिकारीले तीर्थयात्रीका लागि आवश्यक पर्ने खानेपानी, बिजुली बत्ती, सडक, स्नानघाट, धुनी, सवारीसाधन पार्किङ, शौचालयलगायतका सम्पूर्ण तयारी पूरा भएको बताउनुभयो ।

देवघाटधामको वेणी सङ्गमस्थलमा पुस ३० गते बिहान विधिपूर्वक बाँसको लिङ्गो गाडेपछि माघ स्नान शुभारम्भ हुने अधिकारीले बताउनुभयो । "वेणीमा बाँसको लिङ्गो गाडेपछि माघ स्नान आरम्भ हुन्छ, सोही दिनदेखि नै टाढा-टाढाबाट आउने तीर्थालुको देवघाटमा आगमन सुरु हुन्छ", अधिकारीले भन्नुभयो । देवघाट मेलालाई व्यवस्थित गर्नका लागि नवलपुर, चितवन र तनहुँका प्रमुख जिल्ला अधिकारी, नेपाली सेनाका प्रमुख, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुखसँग छलफल गरी आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गर्ने तयारी भएको अधिकारीले बताउनुभयो । माघ स्नानका लागि नवलपुरको गैंडाकोट-३ मा पर्ने हर्दी, केलादी हुँदै पक्की पुलबाट वेणीमा आउन सकिने तथा चितवनको दासढुङ्गाबाट पक्की पुल हुँदै वेणी सङ्गममा आउन सकिने अधिकारीले बताउनुभयो । "पक्की सडकबाट आउनेहरू सहजरूपमा स्नान गरेर फर्किने व्यस्था गरिएको छ", अधिकारीले भन्नुभयो, "सकेसम्म झोलुङ्गे पुलको यात्रा नगर्न भनेका छौँ, यद्यपि तीर्थलको आगमनलाई झोलुङ्गे पुलमा व्यवस्थित बनाउन सोहीअनुसारको व्यवस्था भएको छ ।" देवघाटमा रहेको झोलुङ्गे पुल हुँदै वेणीमा स्नान गर्न जाने र फर्किनेको व्यवस्थापनका लागि एकपटकमा एक यात्रुलाई मात्रै आवातजावत गर्न दिइने अधिकारीले बताउनुभयो । "झोलुङ्गे पुल निकै पुरानो र जीर्ण भइसकेको छ", अधिकारीले भन्नुभयो, "यसले अत्यधिक भार थेग्न सक्दैन, त्यसैले तीर्थालुहरूलाई लाइनमा राखेर पुल तर्ने व्यवस्था गरिन्छ ।"

सो दिन वेणी सङ्गममा स्नानका लागि त्रिशूली नदीमा ऱ्याफ्टिङ डुङ्गाको व्यवस्था गरिएको देवघाट क्षेत्र विकास समितिका सूचना अधिकारी पुष्पराज पौडेलले बताउनुभयो । "तीर्थालुहरूको चापलाई मध्यनजर गर्दै माघे सङ्क्रान्तिमा देवघाटमा ४० वटा ऱ्याफ्टिङ डुङ्गा सञ्चालन गरिनेछ", पौडेलले भन्नुभयो, "डुङ्गाबाट नदी तर्दा एकतर्फी रु ३५ भाडादर कायम गरिएको छ ।" तोकिएको भाडादरभन्दा बढी भाडा लिएमा क्षेत्र विकास समिति वा सुरक्षाकर्मीलाई जानकारी गराउनसमेत पौडेलले आग्रह गर्नुभयो ।

कालीगण्डकी र त्रिशूली नदीको वेणी सङ्गम साँघुरो र गहिरो भएकाले सीमित स्थानमा मात्र स्नान गर्न मिल्ने गरी स्नानघाट निर्माण गरिएको पौडेलले बताउनुभयो । "हामीले स्नानघाटमा विभिन्न सावधानीमूलक सूचनाहरू राखेका छौँ", पौडेलले भन्नुभयो, "कुनै अप्रिय घटना नहोस् भनेर सशस्त्र प्रहरीको गोताखोरसहितको दुईवटा, नेपाली सेनाको दुईवटा उद्धार टोली र स्थानीय बोटेमाझीको पनि दुईवटा टोली नदीमा तयारी अवस्थामा राख्ने गरी व्यवस्थापन भएको छ ।" उद्धार टोली ऱ्याफ्टिङ डुङ्गा र काठको डुङ्गामा तयारी अवस्थामा राखिने पौडेलले बताउनुभयो ।

आश्रमका पीठाधीश अनन्त विभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरीजी महाराज देवघाटको वेणी सङ्गमसँगै रहेको गलेश्वर आश्रममा भक्तजनलाई निःशुल्क भण्डारा (खाने) र बस्ने व्यवस्था गरिएको बताउनुहुन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# राष्ट्रिय भलिबल : त्रिभुवन आर्मी सेमिफाइनलमा

रासस
काठमाडौं, २९ पुस

सातौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपमा विभागीय टोली त्रिभुवन आर्मी क्लवले सशस्त्र प्रहरी बल (एपिएफ)लाई पराजित गर्दै सेमिफाइनलमा पुगेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा आज भएको खेलमा आर्मीले समूहको अन्तिम खेलमा एपिएफलाई ३-२ को सेटमा पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको हो । यस खेलसँगै उक्त च्याम्पियनसिपअन्तर्गत महिलातर्फ खेलको सेमिफाइनल समीकरण पूरा भएको छ ।

खेलमा पहिलो सेट आर्मीले २५-२० ले जितेको थियो । तर दोस्रो र तेस्रो सेट एपिएफले क्रमशः २५-१९ र २५-१३ ले जितेको थियो । तर आर्मीले चौथो र पाँचौ सेटमा क्रमशः २५-२२ र १५-५ को जित निकाल्दै आर्मी समूह विजेता बन्यो भने एफिएफ उपविजेता बन्यो । अब सेमिफाइनलमा आर्मीले न्यू डायमण्ड युथ स्पोर्टस क्लबको सामना गर्नेछ । त्यस्तै अर्को सेमिफाइनल खेलमा एपिएफ र नेपाल पुलिस क्लब भिड्नेछन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १८ को वडागत योजना अन्तर्गत गहतेरादेखि मेथलाङ्सम्म पक्कि नाला निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः गहतेरादेखि मेथलाङ्सम्म पक्की नाला निर्माण**
**स्थानः पोखरा–१८, मेथलाङ, कास्की**
**योजना सम्झौता मिति : २०७९/०८/२८ गते**
**योजना सुरु भएको मिति : २०७९/०८/२९ गते**
**योजना सम्पन्न हुनु पर्ने मितिः २०७९/१०/१५ गते**
**योजना सम्पन्न मितिः २०७९/०९/२७ गते**
**योजनाको कुल लागत : रु. ५,८८,२३५.२९।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००।–**
**जन सहभागितावाट : रु.८८,२३५.२९।–**
**उपभोक्ता समिति अध्यक्षः प्रेमराज अधिकारी**
**उपाध्यक्षः किशोर तिमिल्सिना, सचिवः मनोज गौतम,**
**कोषाध्यक्षः गोमा देवकोटा सदस्यः नारायण प्रसाद तिमिल्सिना, दिपेन्द्र देवकोटा, कृष्णमाया देवकोटा**
**अनुगमान समिति संयोजकः गणेश देवकोटा**
**सदस्यः पार्वती तिमिल्सिना, धर्मदत्त गौतम**

**गहतेरादेखि मेथलाङ्सम्म पक्की नाला निर्माण उपभोक्ता समिति पोखरा-१८, मेथलाङ**

# गण्डकी प्रदेश : धान उत्पादन घट्यो

– रामबहादुर थापा
गण्डकी, २९ पुस (रासस)

गण्डकी प्रदेशमा यस वर्ष धान उत्पादनमा गिरावट आएको छ । गत वर्षको तुलनामा तीन दशमलव ७४ प्रतिशतले धान कम फलेको हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्कअनुसार यसपालि तीन लाख ९१ हजार एक सय २१ मेट्रिक टन धान उत्पादन भएको छ । गत वर्ष चार लाख छ हजार तीन सय ३६ मेट्रिक टन धान उत्पादन भएको थियो । धानको उब्जाउ क्षेत्र पनि घटेको पाइएको छ । अघिल्लो वर्ष एक लाख १२ हजार दुई सय २७ हेक्टरमा धान लगाइएकामा यस वर्ष जम्मा एक लाख छ हजार तीन सय ८० हेक्टर धानखेतीले ओगटेको थियो । अन्य प्रदेशको तुलनामा यहाँ धानको उत्पादन र क्षेत्रफल दुवै घटेको तथ्याङ्कले देखाउँछ । देशभर समग्रमा धान उत्पादन बढ्दा गण्डकी प्रदेशमा घरघडेरीका नाममा धानको उब्जाउ क्षेत्र नासिँदा उत्पादन घटेको प्रदेशको कृषि विकास निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताउनुभयो ।



"खेतीयोग्य जग्गामा बजारीकरण तीव्र छ, जग्गा बाँभिने क्रम पनि उस्तै छ, उत्पादन घट्नुको मुख्य कारण यही हो", उहाँले भन्नुभयो, "प्लटिङले गर्दा कति उब्जाउ जमिन नासियो, कति ठाउँमा सडक बन्यो, यसको एकिन तथ्याङ्क भने हामीसँग छैन ।" प्रमुख रेग्मीले हेदहिँदै धान फल्ने ठूलठूला फाँट बस्तीले ढाकेको बताउनुभयो ।

खेती गर्ने जमिनमा धमाधम घर ठड्याउने प्रवृत्तिले देशलाई खाद्यान्नमा भन्नुभन्नु परनिर्भर बनाउँदै लाने उहाँको भनाइ छ । धान कम फल्नुमा क्षेत्रफल घट्नु मुख्य कारण भए पनि अन्य कुराले पनि उत्पादनमा प्रभाव पार्ने प्रमुख रेग्मीले बताउनुभयो ।

"प्रतिकूल मौसम, मल अभाव, कमसल बीउबिजन जस्ता कारणले पनि उत्पादन घट्छ, सबै प्रदेशमा धान उत्पादन बढ्दा गण्डकीमा घट्नुले हामीलाई पनि सोचनीय बनाएको छ", उहाँले भन्नुभयो, "हाम्रोतिर उन्नतभन्दा बढी स्थानीय जातकै धान लगाइने हुँदा त्यसले पनि उत्पादनमा कमी ल्याउँछ ।"

यस वर्ष किसानले रोपाइँका बेला रासायनिक मल नपाएको गुनासो गरेका थिए । धानमा फूल खेल्ने समयमा भएको बर्सातले पनि क्षति पुऱ्याएको थियो । बागलुङ नगरपालिका-३ का अगुवा किसान वैकुण्ठ सापकोटाले १८/१९ मुरी धान फल्ने खेतबाट यस वर्ष जम्मा १० मुरी धान भित्र्याएको बताउनुभयो । त्योबाहेक रोककिरा नियन्त्रण, उन्नत बीउ, मल व्यवस्थापनमा किसानलाई सधैँ चुनौती रहेको उहाँको भनाइ छ । "बीउ राम्रो भयो, खेतीले मलदेखि राम्रो स्याहारसुसार पायो भने फल पनि बढी दिन्छ", सापकोटाले भन्नुभयो, "बीउबिजन, खेतीको सीप र प्रविधिमा राज्यले पनि किसानलाई सघाइदिनुपर्छ ।"

धानको उत्पादकत्व भने यस वर्ष सबै प्रदेशमा बढेको पाइएको छ । गण्डकीमा पनि एक दशमलव ५५ प्रतिशतले उत्पादकत्व वृद्धि भएको छ । उन्नत जातका बीउबिजनको प्रयोग, खेती प्रणालीमा सुधारजस्ता कारणले उत्पादकत्व बढ्ने कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले बताउनुभयो ।

उहाँका अनुसार बागलुङमा यस वर्ष पाँच प्रतिशतले धान उत्पादन घटेको छ । बेमौसमी बर्सातले धान बालीमा क्षति पुग्दा उत्पादन घटेको प्रमुख भट्टराईले बताउनुभयो । गण्डकी प्रदेशमा बागलुङको गलकोट र बलेवा, गोरखाको पालुङटार, कास्कीको लेखनाथ, स्याङ्जाको आँधीखोला किनार र वालिङ, तनहुँको भिमाद, नवलपुरको त्रिवेणी र मध्यबिन्दु, पर्वतको फलेवासलगायत क्षेत्र बढी धान उत्पादन हुने ठाउँ हुन् ।

यहाँका किसानले राम, सुनौलोसुगन्धा, लोकतन्त्र, खुमल, सुधारिएको जेठोबुढोलगायत स्थानीय जातको धानखेती गर्दै आएका छन् । वर्षे र चैते गरी दुई याममा धानखेती हुने गरेको छ ।

धान कम उत्पादन हुनेमा गण्डकीपछि बागमती प्रदेश छ । बागमतीमा एक दशमलव ४५ प्रतिशतले उत्पादनमा कमी आएको हो । गत वर्ष पाँच लाख सात हजार सात सय ८९ मेट्रिक टन उत्पादन भएकामा यस वर्ष घटेर पाँच लाख चार सय ४६ मेट्रिक टनमा सीमित बनेको छ । बाँकी पाँचवटै प्रदेशमा भने धान उत्पादन बढेको मन्त्रालयले जनाएको छ । सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ३३ दशमलव ३३ प्रतिशतले धान उत्पादन बढेको छ । सुदूरपश्चिममा गत वर्ष चार लाख ४१ हजार नौ सय १३ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष बढेर पाँच लाख ८९ हजार दुई सय २१ पुगेको छ ।

सबैभन्दा कम कर्णाली प्रदेशमा एक लाख २९ हजार चार सय ७३ मेट्रिक टन धान फलेको छ । गत वर्षको तुलनामा भने कर्णालीमा पनि यस वर्ष तीन दशमलव ४६ प्रतिशतले धान उत्पादन बढेको हो । गत आवमा जम्मा एक लाख २५ हजार एक सय ४६ मेट्रिक टन धान उत्पादन भएको थियो । देशभरमा कूल ५४ लाख ८६ हजार चार सय ७२ मेट्रिक टन धान उत्पादन भएको छ । सो अघिल्लो वर्षको भन्दा छ दशमलव ९४ प्रतिशतले बढी हो । गत वर्ष ५१ लाख ३० हजार छ सय २५ मेट्रिक टन धान उत्पादन भएको थियो । धान उत्पादन बढे पनि खेती हुने क्षेत्र भने दुई प्रतिशतले घटेको पाइएको छ । गत वर्ष १४ लाख ७७ हजार तीन सय ७८ हेक्टर रहेकामा यो वर्ष १४ लाख ४७ हजार सात सय ८९ हेक्टरमा धान उत्पादन भएको मन्त्रालयले जनाएको छ ।



काठको फड्केः
विसं २०७८ असार १ गतेको बाढीले झोलुङ्गे पुल बगाएपछि दाउरा घाँस गर्नलाई मर्स्याङ्दी नदीमाथि बनाएको काठको फड्के। मनाङ नासों गाउँपालिका-१ तालगाउँका मानिसहरु आवतजावत गर्न यही काठको फड्के प्रयोग गर्न बाध्य भएका छन् । तस्बिर : नवीन लामिछाने/रासस

# विपन्नको घरमा जस्तापाताको छानो

पोखरापत्र संवाददाता
बागलुङ, २९ पुस

खरको छानो हिउँदमा न्यानो र गर्मीमा शीतल हुने हुँदा ग्रामीण क्षेत्रमा एक दशक अगाडिसम्म बाक्लै खरका घर भेटिन्थे ।

ढुङ्गा खानीभन्दा टाढाको गाउँमा त झन् खरैखरका घर हुन्थे । परम्परागत खरका घर देख्दा निकै रमणीय लाग्थ्यो । तर अहिले ती घरले रुपरङ बदलेका छन् । बागलुङको निसीखोला गाउँपालिकाका घर रङ्गीचङ्गी जस्तापाताले छाइएका छन् ।

गाउँपालिकाको खरका छानो हटाउने नीतिअनुसार गाउँमा जस्तापाता र ढुङ्गे घर बनिरहेका छन् । युवाशक्ति पलायन हुने, गाउँमा बालबालिका र बूढापाकामात्रै हुँदा बर्सेनि खरको घर छाउन समस्या हुन थालेपछि पालिकाले खरको छानो विस्थापित गरेर जस्तापाताले छाइदिएको छ । निसीखोला-३ की तुलसी विकले हरेक दुई-दुई वर्षमा घरको छानो फेर्दै आउनुभएको थियो । आर्थिक अभावमा गुज्रिँदै आउनुभएकी विकलाई प्रत्येक दुई वर्षमा घरको छानोमा नयाँ खर फेर्न सकस हुन्थ्यो ।

वर्षौंदेखि चुहिने र पुरानो खरको छानोमा बस्दै आउनुभएकी विकको घरमा गाउँपालिकाले जस्तापाताको छानो हालीदिएपछि उहाँलाई राहत मिलेको छ । वनबाट खर काटेर ल्याउने कोही नहुँदा आफू चुहिने घरमा चार वर्ष बसेको सुनाउँदै गाउँपालिकाले पुरानो खरको छानो हटाएर जस्तापाता हाल्दिएपछि सहज भएको उहाँ बताउनुहुन्छ । "एकै वर्षमा खर कुहिन्थ्यो", उहाँले भन्नुभयो, "अब त छानो फेर्न नपर्ला कि ?" विगतमा खरको समस्याले पानी चुहिने अवस्थामा पनि छानो फेर्न नसकेको वडा नं ५ का तिलकुमार विक बताउनुहुन्छ । गाउँपालिकाले घरको छानो जस्तापाताले छाइदिएपछि उहाँ हर्षित हुनुहुन्छ । "अब ढुक्क भइयो, आगलागी हुने डर पनि कम भयो", विकले भन्नुभयो ।

निसीखोलाले चालु आर्थिक वर्षमा विपन्न परिवारको घरमा जस्तापाताको छानोहाल्नरु३०लाखविनियोजन गरेको सूचना अधिकारी पुरुषोत्तम गौतमले जानकारी दिनुभयो । गाउँपालिकाले अघिल्ला वर्षमा एक सय तीन घरमा जस्तापाताको छानो हालेको थियो । "यस वर्ष बाँकी रहेका घरमा जस्तापाता हाल्ने क्रम जारी छ", उहाँले भन्नुभयो । गाउँपालिकाको सात वडामा ७३ जनाको र प्रदेश सरकारको सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गतका ३० जनाको घरमा अघिल्लोपटक जस्तापाताको छानो हालिएको थियो ।

"हाम्रो पालिकामा धेरै गरिब तथा विपन्न परिवार छन्, उनीहरूको जस्तापाता तथा ढुङ्गाको छानो हाल्ने अवस्था छैन, त्यसैले गाउँपालिकाले नै जस्तापाताको छानो हाल्न थालेको हो", गौतमले भन्नुभयो ।

# गर्भवती र विपन्नलाई निःशुल्क एम्बुलेन्स सेवा

पोखरापत्र संवाददाता
पर्वत, २९ पुस

पर्वतको मोदी गाउँपालिकाले पहिलोपटक एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ । पालिकाभर अहिलेसम्म एम्बुलेन्स नहुँदा स्थानीय गर्भवती, बिरामी, घाइते तथा अपाङ्गता भएकालाई अस्पतालसम्म पुऱ्याउन कठिनाइ हुँदै आएको थियो ।

गाउँपालिकाको चालु आर्थिक वर्षको योजनाअन्तर्गत एम्बुलेन्स खरिद गरिएको गाउँपालिकाका उपाध्यक्ष विमल लामिछानेले जानकारी दिनुभयो । सुत्केरी, विपन्न, अपाङ्गता भएका बिरामीलगायतलाई अस्पताल पुऱ्याउन निःशुल्क सेवा दिने उद्देश्यले एम्बुलेन्स खरिद गरिएको उहाँको भनाइ छ । रु १४ लाखमा खरिद गरिएको एम्बुलेन्सले यसै सातादेखि सेवा प्रदान गर्ने भएको छ ।

गाउँ कार्यपालिकाको बैठकले एम्बुलेन्स सञ्चालन कार्यविधि बनाएको छ । नागरिकलाई स्थानीय सरकारको प्रत्याभूति दिलाउनका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको हो । यसबाट मोदीका आठवटै वडाका नागरिक लाभान्वित हुने छन् । मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वत खण्डमा हुने दुर्घटनाका घाइतेलाई पनि तत्काल उद्धार गर्न मद्दत पुग्ने गाउँपालिकाका अध्यक्ष हीरादेवी शर्माले बताउनुभयो । यसअघि जलजला गाउँपालिकाले पनि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ ।

# निक्षेपको ब्याजदर घटाउने सहमति सकारात्मक

रासस
काठमाडौं, २९ पुस

नेपाल उद्योग परिसङ्घले निक्षेपको ब्याजदर घटाउने बैंकर्स एशोसिएशनको सहमति सकारात्मक भएको जनाएको छ ।

परिसङ्घले बिहीबार विज्ञप्ति जारी गरी अर्थतन्त्रमा लगानीयोग्य पुँजीको अभाव, निस्क्रिय कर्जामा भइरहेको तीव्र वृद्धि, उच्च ब्याजदरलगायत कारणले निजी क्षेत्रको मनोबल खस्किएको बेलामा निक्षेपको ब्याजदर घटाउने नेपाल बैंकर्स एसोसिएशनको सहमति सकारात्मक भएको जनाएको हो । मागमा आएको सङ्कुचन, उच्च ब्याजदरका कारण लगानी महँगो हुँदा नयाँ लगानीका योजना स्थगन भइरहेको अवस्थामा उक्त सहमति हुनु खुसीको कुरा भएको परिसङ्घले उल्लेख गरेको छ ।

"परिसङ्घले निजी क्षेत्रको खस्किएको मनोबल उकास्न, अर्थतन्त्रलाई गति प्रदान गर्न ब्याजदर घटाउनुपर्ने जोड दिँदै आएको छ, उक्त निर्णय चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्रलाई पुनः लयमा फर्काउन सहयोगी हुने हाम्रो विश्वास छ", विज्ञप्तिमा उल्लेख छ । कर्जाको ब्याजदर घट्दा उद्योग व्यवसायमा लगानी विस्तार हुने र उद्योगी व्यवसायीको खस्किएको मनोबल उकास्न सहयोगी हुने परिसङ्घले विश्वास लिएको छ । ब्याजदर घटेपछि लगानीकर्ताले आफ्नो लगानी विस्तारको योजनालाई फेरि अगाडि बढाउने र समग्र मागमा वृद्धि आउने हुँदा अर्थतन्त्र चलायमान हुने परिसङ्घले जनाएको छ ।

# बैंकको ब्याजदर एकल अङ्कमा कायम गर्न माग गर्दै अर्थमन्त्रीलाई ज्ञापनपत्र

रासस
काठमाडौं, २९ पुस

साना तथा मझौला उद्योगीहरूको छाता संस्था नेपाल राष्ट्रिय व्यवसायी महासङ्घले बैंकको ब्याजदर एकल अङ्कमा कायम गर्न माग गर्दै अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

महासङ्घको टोलीले आज उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेललाई भेटेर बैंक तथा वित्तीय क्षेत्रमा उच्च ब्याजदरका कारण व्यवसायी व्यवसायबाट नै पलायन हुनुपर्ने अवस्थालाई मध्यनजर गर्दै कर्जा ब्याजदर एक अङ्कमा कायम गर्न माग गरेको हो । महासङ्घका अध्यक्ष कुमार कार्कीले बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजदरका कारण व्यवसायी व्यवसाय छोड्न बाध्य हुनुपरेको भन्दै कर्जा ब्याजदरलाई एक अङ्कमा कायम गर्न सरकार र राष्ट्र बैंक लाग्नुपर्ने बताउनुभयो ।

उहाँले बैंकले बिना धितो प्रदान गर्दै कर्जा रु १५ लाखबाट बढाएर २५ लाख बनाउनुपर्ने, भन्सार दरबन्दीको महँगीका कारण बजार मूल्य बढेकाले भन्सार दरबन्दी घटाउन सुझाव दिनुभयो ।

महासङ्घले स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न कच्चा पदार्थ आयातमा सहुलियत दिनुपर्ने, केरुङ, खासालगायत चिनियाँ नाकामा नेपाली व्यवसायी सहजरूपमा जान पाउनुपर्ने, दक्ष जनशक्ति उत्पादन गर्न प्रत्येक स्थानीय तहमा तालिम केन्द्रको स्थापना गर्नुपर्ने, साना तथा मझौला उद्योगी व्यवसायीलाई बिना धितो सहुलियत कर्जा सहजरूपमा उपलब्ध गराउन माग गरेको छ ।

अध्यक्ष कार्कीले कर्जा ओभर ड्राफ्टमा भइरहेको झन्झटिलो प्रक्रियाको अन्त्य गर्नुपर्ने, कच्चा ऊन आयातमा भइरहेको एकद्वार (सिन्डिकेट) प्रणाली खारेज गर्नुपर्ने, बैंकले घरजग्गा लिलाम गर्दा ३५ दिने सूचना दिएर लिलाम गरेकोमा यसलाई बढाएर छ महिनाको दिनसमेत माग गर्नुभयो ।

महासङ्घका पूर्वअध्यक्ष नरेश कटुवालले साना तथा मझौला व्यवसायीसँग अर्थ मन्त्रालयले समन्वय गर्न माग गर्नुभयो । उहाँले व्यवसायीलाई सहज पहुँच तथा भन्सार नाकामा सहजता ल्याउन र चोरी पैठारीको रोकथाम गर्नुपर्ने बताउनुभयो । पछिल्लो समय बजारमा देखिएको तरलता सहज बनाई व्यवसायीमैत्री वातावरण निर्माण गर्न उहाँले सरकारको ध्यानाकर्षण गर्नुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्मः १९९३/०४/०१ गते
स्वर्गारोहणः २०७९/०९/१६ गते

स्व. मनरुपा गुरुङ

साविक कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ धम्पुस पुर्ख्यौली घर भई हाल पो.म.न.पा. वडा नं. १७ ड्याम साईड निवासी भिच्कु पुखी नासा कोगों लेम्मै ट्हों धिं को श्री भक्त बहादुर गुरुङको फुपु मनरुपा गुरुङको ८६ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको पितृकार्याको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

कप. मन बहादुर गुरुङ
अध्यक्ष तथा मावली खलक
कोगौं लेम्मै ट्हो धिं भिच्कु पुखी नासा
पोखरा-१३ परिवार